# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## ऐसेलुखर्क गाउँपालिका

### खोटाङ




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९
## ऐसेलुखर्क गाउँपालिका
## खोटाङ




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## ऐसेलुखर्क गाउँपालिका

### खोटाङ

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदनउपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनोट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ । स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदनउपर छलफल र बेरुजू फस्यौंटसम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुखसहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**
**महालेखापरीक्षक**

२०७९ चैत्र

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(कोशी प्रदेश)

पत्र संख्याः २०७९।८०
च.नं. १७२

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
ऐसेलुखर्क गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
खोटाङ ।

**कैफियतसहितको राय**

हामीले ऐसेलुखर्क गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असरबाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियतसहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू. ४ करोड ३६ लाख ३७ हजार बेरुजु देखिएको छ । सोमध्ये प्रतिक्रियाबाट रु ५४ लाख ७८ हजार फस्र्यौट भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू १८ लाख ५९ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ३ करोड ३ लाख ६७ हजार, नियमित गर्नुपर्ने रु ४२ लाख ४५ हजार र पेश्की रू. १६ लाख ८८ हजार रहेको छ । पालिकाको गतवर्ष सम्म रु ६ करोड ८४ लाख ३३ हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रु १० करोड ६५ लाख ९२ हजार रहेको छ । गाउँपालिकाको **बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।**
३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ । कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्कीबाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरणउपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुनबमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्तीसमेतका कारण सारभूतरूपमा गलत आँकडारहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ ।

(पद्मप्रसाद आचार्य)
नायब महालेखापरीक्षक

ऐसेलुखर्क गाउँपालिका, खोटाङ

## १. चालु वर्षको बेरुजु २०७८।७९

### १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ६० | ४३ | ४३६३७ | ० | १ | ५४७८ | ६० | ४२ | ३८१५९ | १८५९ | ४२४५ | ३०३६७ | ० | ० | ३४६१२ | १६८८ |

### १.२ प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्विकृत विवरण

*(रु. हजारमा)*

| क्र.सं | प्रारम्भिक प्रतिवेदनको दफा नं. | छोटकरी व्यहोरा | रकम रु. |
|---|---|---|---|
| १ | २५ | प्रदेश तथा संघीय सशर्त अनुदान फिर्ता भएको प्रमाण पेश भएको । | ५४७८ |
| | | **जम्मा** | **५४७८** |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | पालिका | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|---|
| खोटाङ | ऐसेलुखर्क गाउँपालिका | ६८४३३ | ० | ० | ६८४३३ | ० | ३८१५९ | १०६५९२ |

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : ऐसेलुखर्क गाउँपालिका, खोटाङ

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | रेख बहादुर थापा | २०७९-५-२७ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | पङ्कज आचार्य | २०७६-८-२३ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ३८,१५९,४४०.०९ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | | ६,०६,३७,१८३.३१ |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३४,५७,८४,००० | **चालु खर्च** | २५,६३,९८,२७३.९२ |
| **प्रदेश सरकारबाट अनुदान** | ० | **पूँजीगत खर्च** | १४,३८,९६,२६२.४१ |
| **राजश्व बाँडफाँट** | ५,८९,६१,४७०.२२ | **वित्तीय/अन्य व्यवस्था** | १०,६१,७१,७५९.२ |
| **आन्तरिक आय** | ५६,५९,३३२.५२ | | |
| **अन्य आय** | ७,४६,९२,९१०.७३ | | |
| **कुल आय** | ४८,५०,९७,७१३.४७ | **कुल खर्च** | ५०,६४,६६,२९५.५३ |
| | **बाँकी मौज्दात** | | ३,९२,६८,६०१.३ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिकअभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले ऐसेलुखर्क गाउँपालिकाको स्थापना भएको हो।स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु रस्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यसपालिकाको उद्देश्य रहेको छ।यस गाँउपालिका अन्तर्गत ७ वडा, ३९ गाँउसभा सदस्य, १२५।९३वर्ग किलोमिटर क्षेत्रफल रहेको छ। | |
| २ | | | **लेखापरीक्षण**<br>लेखापरिक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण, लेखापरिक्षण नीति, मापदण्ड, व्यवस्थापन प्रतिनिधित्वपत्र, लेखापरिक्षण मार्गदर्शन, व्यवसायिक लेखापरिक्षणका असल अभ्यासको आधारमा तयार गरीएको स्वीकृत लेखापरिक्षण योजना, कार्यक्रम र लेखापरिक्षणको विधि अनुसार लेखापरिक्षण सम्पन्न गरिएको छ।लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तिय विवरणको शुद्धताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ।उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर मिती २०७९।५। ८ मा व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरु निम्नअनुसार छन् : | |
| ३ | | | **आर्थिक विवरण** | |

**प्राप्ति भुक्तानी हिसाब**

| | | यस वर्ष . | | | | गत बर्ष . | | |
|---|---|---|---|---|---|---|---|---|
| विवरण | टिप्पणी | | आफैले गरे को | बस्तुगत/सोझै भुक्तानी | | आफै ले गरे को | बस्तुगत/सोझै भुक्तानी | |
| | | बजेट | प्राप्ति भुक्तानी | | जम्मा | प्राप्ति भुक्तानी | | जम्मा |
| **प्राप्ति (क+ख)** | | ४२८०८२०४५.३० | ३६८२१५८५०.४३ | | ३६८२१५८५०.४३ | ३५४६२०३३८.७५ | १०६९३७०१.८० | ३६५३१४०४०.५५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क. प्राप्ति (सञ्चित कोषमा आम्दानी बाँधिने) | | ४१४४४५००० | ३५५२३०३८८.१३ | ० | ३५५२३०३८८.१३ | ३३८७७८७३१.२५ | ७०७२४६३.८० | ३४५८५११९५.०५ |
| ११००० कर | ११ | ६७८५६००० | ६६९२७५११.४७ | ० | ६६९२७५११.४७ | ५५४५८१७९.४२ | ० | ५५४५८१७९.४२ |
| १३००० अनुदान | | ३४६५८४००० | २८८३०२८७६.६६ | ० | २८८३०२८७६.६६ | २८३३२०५५१.८३ | ७०७२४६३.८० | २९०३९३०१५.६३ |
| संघीय सरकार | १२ | ३२६९१२००० | २७४८८९३७२.६६ | ० | २७४८८९३७२.६६ | २७९४२६०५२.६० | ७०७२४६३.८० | २८६४९८५१६.४० |
| प्र दे श स र का र | १२ | १९६७२००० | १३४१३५०४ | ० | १३४१३५०४ | ३८९४४९९.२३ | ० | ३८९४४९९.२३ |
| १४००० अन्य राजश्व | | ५००० | ० | ० | ० | ० | ० | ० |
| ख. अन्य प्राप्ती | | १३६३७०४५.३० | १२९८५४६२.३० | | १२९८५४६२.३० | १५८४१६०७.५० | ३६२१२३८ | १९४६२८४५.५० |
| वितरण गर्न बाकी राजश्व | | ० | ० | ० | ० | ० | ० | ० |
| कोषहरु | | १३६३७०४५.३० | १२१२८१५१.३० | ० | १२१२८१५१.३० | १३०३४३६७.५० | ३६२१२३८ | १६६५५६०५.५० |
| धरौटी | | ० | ८५७३११ | ० | ८५७३११ | २८०७२४० | ० | २८०७२४० |
| संघीय प्रदेश वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | ५१९११७९४५.३० | ३८६३९०८८७.१४ | | ३८६३९०८८७.१४ | ३२६२०३०३३.१८ | १०६९३७०१.८० | ३३६८९६७३४.९८ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ५०५४८०९०० | ३८०४३१५३६.१४ | | ३८०४३१५३६.१४ | ३१५११३७१०.९८ | ७०७२४६३.८० | ३२२१८६१७४.७८ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २१००० पारिश्रमिक / सुविधा | १८ | १९७९९४२०० | १७६८४९२८१.०९ | ० | १७६८४९२८१.०९ | १४३९९१८७४.६६ | ० | १४३९९१८७४.६६ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | ९७५२७७०० | ६२०९७३४९.८२ | ० | ६२०९७३४९.८२ | ४०५३३६३७.१० | ० | ४०५३३६३७.१० |
| २५००० सहायता (Subsidy) | १८ | ५००००० | ४४९४०० | ० | ४४९४०० | ० | ० | ० |
| २६००० अनुदान | १८ | ० | ० | ० | ० | ७०००००० | ० | ७०००००० |
| २७००० सामाजिक सुरक्षा | १८ | ६०६३००० | ५६४०९६८ | ० | ५६४०९६८ | १३२४४०० | ० | १३२४४०० |
| २८००० अन्य खर्च | १८ | १८१०००० | १५२२८२१ | ० | १५२२८२१ | ८५६२८३.८३ | ० | ८५६२८३.८३ |
| ३१००० गैर वित्तिय सम्पत्ती / पूँजीगत खर्च | १८ | १९६५८६००० | १३३८७१७१६.२३ | ० | १३३८७१७१६.२३ | ११९१८७०४८.३९ | ७०७२४६३.८० | १२६२५९५१२.१९ |
| ३२००० वित्तिय सम्पत्ति | १८ | ५०००००० | ० | ० | ० | २२२०४६७ | ० | २२२०४६७ |
| घ. अन्य भुक्तानी | | १३६३७०४५.३० | ५९५९३५१ | | ५९५९३५१ | ३२६२०३०३३.१८ | १०६९३७०१.८० | ३३६८९६७३४.९८ |
| कोषहरु | | १३६३७०४५.३० | ५५८६३६५ | ० | ५५८६३६५ | ९८४०८२२.२० | ३६२१२३८ | १३४६२०६०.२० |
| धरौटी | | ० | ३७२९८६ | ० | ३७२९८६ | १२४८५०० | ० | १२४८५०० |
| संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ङ. यो वर्ष को बचत (न्युन) | | (९१०३५९००) | (१८१७५०३६.७१) | | (१८१७५०३६.७१) | २८४१७३०५.५७ | | २८४१७३०५.५७ |
| च. गत वर्षको जिम्मेवारी रकम (अ.ल्या | | | ५७४४३६३८.०१ | | ५७४४३६३८.०१ | २०९४९४७७.६८ | | २०९४९४७७.६८ |
| बर्षान्तको बाकी रकम (ङ + च) | | (९१०३५९००) | ३९२६८६०१.३० | | ३९२६८६०१.३० | ४९३६६७८३.२५ | | ४९३६६७८३.२५ |
| बैक तथा नगद बाकी | २४ | | ३९२६८६०१.३० | | ३९२६८६०१.३० | ६०७०७१८३.३१ | | ६०७०७१८३.३१ |

४

**सञ्चित कोषको अवस्था**

पालिकाको यो वर्षको सञ्चित कोषको अवस्था देहाय बमोजिम रहेको छः

| | यस वर्ष रु. | गतवर्ष रु. |
|---|---|---|
| १ | २ | ३ |
| प्राप्ती | ३५,५२,३०,३८८.१३ | ३५,७१,१९,९९६.०५ |
| भुक्तानी | ३८,०४,३१,५३६.१४ | ३२,२१,८६,१७४.७८ |
| यो वर्षको बचत (न्युन) | (२,५२,०१,१४८.०१) | ३,४९,३३,८२१.२७ |
| गत वर्षबाट जिम्मेवारी सरेको | ५,५७,९९,८९८.०१ | २,०८,६४,४७७.६८ |
| यो वर्षान्तसम्मको बचत (न्युन) | ३,०५,९८,७५० | ५,५७,९८,२९८.९५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५ | | | **वित्तिय विवरण :**<br>स्थानीयसरकारसञ्चालनऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको वित्तीय विवरण सम्बन्धमा निम्नानुसार देखिएको छ ।<br>·SuTRA को बित्तिय प्रतिवेदनमा एकिकृत स्वास्थ्य पूर्वाधारर सामाजिक सुरक्षा कार्यक्रमको निकाशा खर्च समावेश भएको छैन ।<br>· नेपाल सरकारले स्थानिय तहको लागी लागु गरेको सफ्टवेयर सुत्रबाट जारी चेकको आधारमा खर्च लेख्न मिल्ने व्यवस्था भएकोमा म्यानुअल चेक जारी गरि साटने गरेको देखिएकाले छानबिन गरी सम्बन्धितलाई जिम्मेवार बनाउनु पर्दछ पालिकाले खर्च तथा आम्दानीको लेखा राख्न सुत्र प्रणालीको प्रयोग गरि प्राप्ति तर्फ रु ३५५२३०३८८।१३ र खर्च तर्फ रु ३८०४३१५३६।१४ हिसाब देखाएको छ। तर म्यानुअल भौचर उठाएर प्राप्ति रु ५७४८११२३।३४ थप गरि कुल प्राप्ति तर्फ रु ४१२७११५११।४७ र थप खर्च रु १९८६३०००।१९ गरि कुल खर्च तर्फ रु ४००२९४५३६।३३ उल्लेख गरेको छ ।यसअनुसार रु ३७६१८१२३।१५ निकासा फिर्ता देखाएकोमा सो को प्रमाण पेश नगरेकाले यकिन हुन सकेन ।सुत्र प्रणालीमा समावेश नगरी कारोवार गरेकाले सुत्र प्रणालीबाट पेश भएको बित्तिय प्रतिवेदनले यथार्थ अवस्थाको चित्रण गर्दैन । तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| ६ | | | **जिम्मेवारी :**<br>स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर पालिकाको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु. ६०६३७१८३।३१ मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा सोही रकम जिम्मेवारी सारेको देखियो । | |
| ७ | | | **बैंक हिसाब मिलान नगरेको :**<br>स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैंक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान | २१,५९८.३ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी बैकमा घटी देखिएको रु २१५९८।३ असुल फर्छ्यौट गनुपर्ने रु.<br>
<table>
<tr><th>सि नं</th><th>खाता</th><th>खाता अनुसार बाँकी</th><th>बैंक अनुसार बाँकी</th><th>फरक</th></tr>
<tr><td>१</td><td>विविध खर्च खाता</td><td>४०७४६२.५</td><td>४३०८६४.२</td><td>-२३४०१.७</td></tr>
<tr><td>२</td><td>संचित कोष खाता</td><td>३०५९८७५०</td><td>३०५९८७५०</td><td>०</td></tr>
<tr><td>२</td><td>विविध कोष खाता</td><td>४०६४७८२</td><td>४०६४७८२</td><td>०</td></tr>
<tr><td>३</td><td>प्रकोप व्यवस्थापन कोष खाता</td><td>२०६९५४१.८</td><td>२०२४५४१.८</td><td>४५०००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>३७१४०५३६.३</td><td>३७११८९३८</td><td>२१५९८।३</td></tr>
</table></td><td></td></tr>
<tr><td>८</td><td></td><td></td><td>आन्तरिक नियन्त्रण प्रणाली :<br>आन्तरिक नियन्त्रण प्रणालीः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्नेमा लागू गरेको पाईएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरू तपशिल बमोजिम रहेका छन्:<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउँपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजस्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा पालिकाले उक्त समिति गठन गरेको पाईएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ बमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरू उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इटिडिएस गरेको पाइएन।<br>• निजामती सेवा ऐन, २०४९ को दफा ५क बमोजिम कर्मचारीहरूको कार्य विवरण वनाई लागू गरेको पाईएन<br>। • पालिकाले २०७८।७९ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ बमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।<br>• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।<br>• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरू तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अद्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।<br>• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।<br>• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • कुनै रकमको भुक्तानी दिंदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद बिल भर्पाइहरूमा सिलसिलेवार नम्वर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>• ठेक्काहरूको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।<br>• पालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• वातावरणको संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको पाइएन । शहरीकरण भइरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एवं कार्ययोजना तयार गरेको पाईएन ।<br>• योजनागत रुपमा अलग अलग नापी किताब नराखेका एवंम निर्माण कार्यको हालसम्मको परीमाण र खर्च देखिने एकिकृत नापी किताव प्रयोगमा नल्याएको ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९७ बमोजिम पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पतिको रेखदेख,मर्मत सम्भार र संरक्षण गरे नगरेको अभिलेख राखेको पाइएन । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ९ | | | **बजेट पेश,पारित र अख्तियारी :**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा सदस्य श्री पुष्पकला भुजेलले मिति २०७८। ०३ ।१० गते रु ४० करोड ३९ लाख ८६ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७८।३।२६मा पारित भएको छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १० | | | **बजेट सीमा निर्धारण समिति :**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ । | |
| ११ | | | **बजेट तथा कार्यक्रम तर्जुमा :**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ । | |
| १२ | | | **अबण्डा बजेट :**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय—व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष १८ लाख अबण्डा राखेको छ । बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।<br>. | |
| १३ | | | **चौमासिक पूँजिगत खर्च :** | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व सम्बन्धी नियमावली २०७७ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।
<table>
<tr><td rowspan="2">बजेट उपशिर्षक</td><td rowspan="2">कुल खर्च</td><td colspan="4">चौमासिक खर्च</td></tr>
<tr><td>प्रथम चौमासिक</td><td>दोस्रो चौमासिक</td><td>तेस्रो चौमासिक</td><td>आषाढ महिना</td></tr>
<tr><td>पूँजिगत खर्चतर्फ</td><td>१३३८७१७१६</td><td>८९७५५३०</td><td>३६८५८५९७</td><td>८८०३७५८९</td><td>५३५२१०००</td></tr>
<tr><td>प्रतिशत</td><td>१००</td><td>६.७१</td><td>२७.५३</td><td>६५.७६</td><td>३९.९८</td></tr>
</table>
पूजीगत खर्च शिर्षकमा बार्षिक रु१३३८७१७१६ निकासा भएकोमा प्रथम चौमासिकमा रु.८९७५५३० अर्थात ६।७१ प्रतिशत, दोश्रो चौमासिकमा २७।५३ प्रतिशत अर्थात रु३६८५८५९७ र तेश्रो चौमासिकमा रु ८८०३७५८९ अर्थात ६५।७६ प्रतिशत खर्च गरेको देखिएको छ ।तेश्रो चौमासिकमा र आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१४</td><td></td><td></td><td>खर्च विश्लेषण :<br>पालिकाले यसबर्ष कुल आन्तरिक आय,राजस्व बाँडफाँट र अनुदानबाट रु. ६६९२७५११।४७ आम्दानी भएकोमा चालुतर्फ रु.२५६३९८२७३।९२ र पुँजीगत तर्फ रु.१४३८९६२६२।४१ समेत रु.४००२९४५३६।३३ खर्च भएको छ । खर्च मध्ये आन्तरिक राजश्वको हिस्सा १६।७२ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुविधामा रु.५१३६००० खर्च भएको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँटको रकमबाट ६४।०५ प्रतिशत चालु र ३५।९५ प्रतिशत मात्र पुँजीगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढी खर्च भएको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँटको रकम अधिकरु.पमा विकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१५</td><td></td><td></td><td>

**क्षेत्रगत बजेट र खर्च :**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

<table>
<tr><td>मुख्य क्षेत्र</td><td>वार्षिक वजेट</td><td>खर्च रकम</td><td>कुल खर्च मध्ये प्रतिशत</td></tr>
<tr><td>आर्थिक विकास</td><td>४२५४४०००</td><td>२५६९८७९७</td><td>६.७७</td></tr>
<tr><td>सामाजिक विकास</td><td>२२०८१९२००</td><td>१८७७०३७५९</td><td>४९.३३</td></tr>
<tr><td>पूर्वाधार विकास</td><td>१२९०९०७००</td><td>७५५२५७४५</td><td>१९.८५</td></tr>
<tr><td>सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र</td><td>१३३६३०००</td><td>६४३००९९</td><td>१.९</td></tr>
<tr><td>कार्य सञ्चालन तथा प्रशासनिक खर्च</td><td>९९६६४०००</td><td>८५०७३१३६</td><td>२२.३७</td></tr>
<tr><td>जम्मा</td><td>५०५४८०९००</td><td>३८०४३१५३६</td><td>१००</td></tr>
</table>

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेटमध्ये सबैभन्दा बढी सामाजिक विकासमा ४९।३३ र सबैभन्दा कम सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा १।६९ प्रतिशत रहेको छ । अतः पालिकाले एकीकृत, समानुपातिक बजेट विनिययोजन गर्नुपर्दछ ।

</td><td></td></tr>
<tr><td>१६</td><td></td><td></td><td>

**योजना र कार्यान्वयन :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरूको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा

</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ । उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरूको अनुसुचीमा उल्लेख भए बमोजिम जानकारी माग गरेकोमा प्राप्त भएन । | |
| १७ | | | **प्रगति विवरण नभएको :**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५(१) बमोजिम प्रगति विवरण पेश गर्नु पर्ने व्यवस्था छ । पालिकाले सञ्चालित योजनाहरूको प्रगति विवरण पेस हुन आएन । सञ्चालीत योजनाहरूको कार्यसम्पन्न अवस्था, वित्तीय एवं भौतिक प्रगति स्थिति समेतको क्रियाकलापगत र रकमगत परिमाण खुल्ने गरी एकीकृत रुपमा प्रगति प्रतिवेदन तयार नगरेकोले सो को विश्लेषण गर्न सकिएन । अतः स्वीकृत कार्यक्रम बमोजिम कार्य सञ्चालन र सञ्चालित कार्यको प्रगति विवरण तयार हुनुपर्दछ । | |
| १८ | | | **अधुरा आयोजना**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६ मा बजेट तथा कार्यक्रम कार्यान्वयनको प्रगती समिक्षा गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष योजनाको कार्य सम्पन्न हुन नसकी जिम्मेवारी सारेको छ । यस प्रकारको दायित्व बिगत वर्षहरूको समेत सार्दै आएको छ। यसरी कानून विपरीत सम्झौता गरी बषौसम्म पनि सम्पन्न नगरी अधुरो रहन गएको उपयुक्त देखिएन । | |
| १९ | | | **गत वर्षको दायित्व :**<br>आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४०(७) बमोजिम चालु बर्षको बजेटले नखाम्ने गरी खर्च गर्न नहुने र खर्च भएको अबस्थामा कार्यालय प्रमुख र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट श्रावण १५ गतेभित्र भुक्तानी बाँकीको बिबरण प्रमाणीत गरी राख्नुपर्ने व्यबस्था छ । स्थानीय तहले २०७७।७८ मा बिभिन्न संस्था, उपभोक्ता समिति, फर्महरुलाई भुक्तानी दिन बाँकी रहेको बिबरण राखी कार्यालय प्रमुखबाट प्रमाणीत गराएको आधारमा यो बर्ष (२०७८।७९) को बजेटमा गत बर्षको भुक्तानीको लागि बजेट व्यबस्था नगरेको अबस्थामा समेत उक्त रकम भुक्तानी गरेको पाइयो । बार्षिक बजेटले नखाम्ने गरी योजना एवं कार्यक्रमको लागि सम्झौता गरेको कारण निकै ठुलो रकम भुक्तानी दिन बाँकी रहेको देखिएकोले बार्षिक बजेटले बहुबर्षीय कार्यक्रम स्वीकृत गरेको अबस्थामा बाहेक यस प्रकारको दायित्व सिर्जना हुने गरी खर्च नगर्न व्यबस्था मिलाउनु पर्दछ । | |
| २० | | | **सेवा प्रवाह विवरण** | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :<br><table><tr><td>विवरण</td><td>जम्मा</td></tr><tr><td>स्वीकृत घरनक्सा दर्ता पास</td><td>छैन</td></tr><tr><td>पञ्जिकरणतर्फ</td><td></td></tr><tr><td>जन्मदर्ता</td><td>९५२</td></tr><tr><td>मृत्युदर्ता</td><td>१८२</td></tr><tr><td>बसाईसराई दर्ता</td><td>५२</td></tr><tr><td>विवाह दर्ता</td><td>२३१</td></tr><tr><td>सम्बन्धविच्छेद दर्ता</td><td>२</td></tr></table>स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेक अन्य सेवाको सञ्चालन सन्तोष जनक देखिएन ।</td><td></td></tr>
<tr><td>२१</td><td></td><td></td><td>कानून र सञ्चालन स्थिति :<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ५ वटा ऐन, ८ वटा नियमावली, ११ कार्यविधि लगायत २४ वटा कानुन निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । । साथै पालिकाले कानूनहरु निर्माण गरी सभा।कार्यपालिकाबाट स्वीकृत गरेतापनि उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन् । तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २२ | | | **आर्थिक सहायताः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष अन्य साहयता रु ४४९४०० र सामाजिक साहयता रु ११५२६७७ समेत रु १६०२०७७ वितरण गरेको छ । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| २३ | | | **न्यायिक समितिः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी १ र यो बर्ष थप भएको ११ गरी कुल १२ विवाद दर्ता भएकोमा १० वटा मात्र फछ्र्यौट भई २ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| २४ | | | **समानिकरण अनुदानबाट खर्च :**<br>अन्तर सरकारी व्यवस्थापन ऐन २०७४ को दफा २१(४) मा प्रदेश तथा स्थानीय तहले आफूले उठाएको राजस्व र उक्त ऐन वमोजीम राजस्व वाडफाँडवाट प्राप्त हुने रकमवाट प्रशासनिक खर्च पुग्ने गरी राजस्व र व्ययको अनुमान पेश गर्नुपर्ने र सो ऐनको दफा २८ वमोजिम प्रयोजन तोकि प्राप्त अनुदान सोही प्रयोजनमा खर्च गर्नुपर्ने व्यवस्था छ । वित्तिय समानिकरणवाट अनुदानको रकमलाई कार्यक्रम व्यवस्थापन, पारिश्रमिक जस्तो प्रशासनिक खर्च गर्न नमिल्नेमा पालिकाले वित्तिय समानिकरणवाट पदाधिकारी पारिश्रमीक, प्रोत्साहन भत्ता ,शैक्षिक ,धार्मिक तथा सांस्कृतिक साहयता समेतमा खर्च लेखेको छ । यस बर्ष आन्तरिक आय बाट रु ५६५९३३२।५२ राजश्व वाडफाँडवाट रु ६१२६८१७८।९५ समेत जम्मा रु ६६९२७५११।४७ प्राप्त भएकोमा चालु खर्च वापत रु ८६२६१४३५ खर्च गरेको छ । राजश्व वाडफाँडवाट प्राप्त उक्त रकम बाहेक वित्तिय समानिकरणवाट अनुदानको रकमलाई प्रशासनिक शिर्षकमा खर्च लेखेको रु १९३३३९२३।६० नियमसम्मत देखिएन । | |
| २५ | | | **अनुदान फिर्ता :**<br><br>✂ .......... *(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भई पेश भएको आधारमा मिति २०७९।१२।१४ को निर्णयबाट रु.५४७८२१६।- सम्परीक्षण गरिएको ।)* | ० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २६ | | | **अनुदानको अनुगमन :**<br>सार्वजनिक निकायबाट उपलव्ध गराएको अनुदानको सही उपयोग भए नभएको यकिन गर्न अनुदान उपलव्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ ।।सालवसाली दिइने यस्तो अनुदानको स्पष्ट अभिलेख र निरन्तर अनुगमन गरी प्रतिवेदन गर्ने व्यवस्था नदेखिएकोले अनुदानको प्रभावकारिता मूल्यांकन गर्न सकिएन। पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेको देखिएन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ । | |
| २७ | | | **पूँजिगत बजेटमा चालु प्रकृतिका खर्च :**<br>पूँजी सृजना नहुने खालका वितरणमूखी खर्चलाई निरु.त्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ।यस स्थानीय तहले देहाय अनुसारका पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई विभिन्न संघ संस्था, समूह, क्लव लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा पूँजीगत शीर्षकबाट रु.५१२८६१६ भुक्तानी दिएको पाईयो ।<br><table><tr><td>भौ नं र मिति</td><td>विवरण</td><td>रकम</td></tr><tr><td>१७३।०७८।१०।२९</td><td>ज्यालदारी कामदारको पारिश्रमिक</td><td>२५०८१६</td></tr><tr><td>२८०।०७८।१२।२७</td><td>अनुगमन वापतको खाजा नास्ता</td><td>४०१२५०</td></tr><tr><td></td><td>खेलकुद कार्यक्रम संचालन</td><td>१५०००००</td></tr><tr><td></td><td>जगेडा शिक्षक कोष</td><td>३५००००</td></tr><tr><td></td><td>उपाध्यक्ष छात्रावृत्ति कार्यक्रम</td><td>५०००००</td></tr><tr><td></td><td>क्षमता विकास कार्यक्रम</td><td>५०००००</td></tr></table> | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td></td><td>शिक्षा समिति ।प्र. अ. बैठक खर्च</td><td>३७००००</td></tr>
<tr><td></td><td>अत्यावश्यक सेवा संचालन खर्च प्रोत्साहन भत्ता</td><td>१००३२००</td></tr>
<tr><td>१७३।१०।२९</td><td>ज्यालादारीको कामदार खर्च</td><td>२५३३५०</td></tr>
<tr><td></td><td>जम्मा</td><td>५१२८६१६</td></tr>
</table></td><td></td></tr>
<tr><td>२८</td><td></td><td></td><td>करारका कर्मचारीलाई महंगी भत्ताः<br>करारमा रहेका कर्मचारीलाई महंगी भत्ता दिन नमिल्ने भनि अर्थ मन्त्रालयको परिपत्र समेतमा उल्लेख भएकोमा पर्याप्त आधार बेगर स्वास्थ्य तर्फका ३० समेत जम्मा ५८ जनाका करारका कर्मचारीलाई मासिक २००० का दरले १२ महिनाको रु १३९२०००।०० भुक्तानी भएको रकम सम्बन्धितबाट असुल गरी राजश्व दाखिला हुनुपर्ने रू.</td><td>१,३९२,०००</td></tr>
<tr><td>२९</td><td></td><td>२०७९ -५-२८</td><td>कर्मचारी करारः<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न ८ पदमा २५ जना कर्मचारीहरु करारमा राखि रु ९७९४००० खर्च लेखेको छ ।</td><td></td></tr>
<tr><td>३०</td><td></td><td></td><td>दरबन्दी<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>३१</td><td></td><td></td><td>वडा सचिवको पदपूर्तिः</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । रिक्त पदहरुको पदपूर्ति गर्नुपर्दछ ।
<table><tr><td>वडा संख्या</td><td>वड सचिवको दरबन्दी</td><td>वडा सचिवको पदपूर्ति</td><td>रिक्त वडा सचिव</td></tr><tr><td>७</td><td>७</td><td>५</td><td>२</td></tr></table></td><td></td></tr>
<tr><td>३२</td><td></td><td></td><td>कर्मचारी प्रोत्साहन भत्ताः<br>स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नमर्स स्वीकृत गराई खाजा र खाना भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ । पालिकाले यस बर्ष कर्मचारी प्रोत्साहन भत्ता बापत रु १४८१०००।००, कर्मचारी आवास सुविधा बापत रु १०८०००।००, स्वास्थ्य कर्मचारीलाई इमर्जेन्सी सेवा संचालनबापत रु ४६११९३ गरी जम्मा २०५०१९३।०० भएको खर्च नियम सम्मत नभएको रु</td><td>२,०५०,१९३</td></tr>
<tr><td>३३</td><td></td><td></td><td>कल्याण कोषः<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा रु १० लाख ट्रान्सफर गरेको छ । कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन ।</td><td></td></tr>
<tr><td>३४</td><td></td><td></td><td>मर्मत संभार कोषः<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बील, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्दछ ।यस बर्ष कोषमा सुत्र प्रणालीअनुसार पालिका पुजिगत भौ न ५ ।६।५ बाट रु ३५ लाख र भौ न ४९२।३।२५ बाट रु. १५ लाख ट्रान्सफर गरी रु २६८८२१८ खर्च गरेकोमा बाँकि बचत २३११७८२ देखिएकोमा बैक मौज्दात रु २१४६७८२ देखिएकाले नपुगको प्रमाण पेश गर्नु पर्ने रु</td><td>१६५,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३५ | | | **कोभिड-१९ रोकथाम तथा नियन्त्रण :**<br>यस शीर्षकमा रु ३६२१०००।० बजेट विनियोजन भएकोमा रु २८२००००।० खर्च भएको छ। औषधि उपचारमा बाहेक देहायका शीर्षकमा निम्नानुसार खर्च भएको छ। | |

| क्रम सं | शीर्षक | रकम |
|---|---|---|
| १ | ५ बेडको आईसोलेशन वार्ड निर्माण | ७८६१८४ |
| २ | करार कर्मचारीको तलब | ११५३९४ |
| ३ | अक्सिजन सिलिण्डर ढुवानी | ५१९०० |
| ४ | नेपाल प्रहरीको खाना खाजा | ८६००० |
| ५ | अति विपन्न परिवारलाई नगद राहत | २८३०००० |
| | जम्मा | ३८६९४७८ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३६ | | | **बिबिध खर्चः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । विविध खर्च रु २९४४२७९ खर्च भएको छ । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| ३७ | | | **शिक्षक कर्मचारीको तलव भत्ताः**<br>शसर्त अनुदानको रुपमा उपलव्ध गराएको रकमबाट तलब भत्ता बाहेक सञ्चित विदा उपचार लगायत अन्य शिर्षकमा खर्च गर्न नपाईने व्यवस्था छ ।विद्यालयहरुले सालबसालि पाउदै गरेको अनुदानमा कार्यरत शिक्षक तथा कर्मचारीको तलवभत्ता यस बर्ष विद्यालयको खातामा रु१०१३२८१८४।४० उपलव्ध गराएको छ ।उक्त रकम गत बर्ष रु ९६०३१६८० रहेकोले ५।५१ प्रतिशतले बढेको छ ।विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीको दरकन्दी र तलबमान यथावत रहेको अवस्थामा ग्रेड बृद्धि बाहेक उक्त निकासा र खर्चलाई नियमित र स्वभाविक रहेको सुनिश्चत गर्ने आधार प्रस्तुत भएन ।यसर्थ पालिकाले विद्यालयगत लेखापरीक्षण प्रतिवेदन, मौजुदा | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | दरबन्दिमा कार्यरत शिक्षक तथा कर्मचारीको ग्रेड, हाजीरी लगायतका आधारमा खर्च रकम यकिन गरी प्रचलित कानुन बमोजिम कारबाही गर्नुपर्दछ । | |
| ३८ | | | **स्थानीय तहका पदाधिकारी सुविधाः**<br>नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट पदाधिकारीको सुविधा वापत रु ५१,३६,०००।०० खर्च भएको छ ।यस बर्ष नव निर्वाचित ३३ पदाधिकारीलाई ५८ दिनको र ६ पदाधिकारीलाई ५० दिनको पारिश्रमिक सुविधा र भत्ता वापत खर्च लेखेको छ । | |
| ३९ | | | **दोहोरो सुविधाः**<br>२५०।२०७८।१०।२९ गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३ को उपदफा १ को अनुसूची-१(क) २ मा अध्यक्ष तथा उपाध्यक्षलाई मासिक ३०००। का दरले टेलिफोन मोबाइल खर्च उपलब्ध गराउने व्यवस्था छ । सोहि बमोजिमको सुविधा मासिक रुपमा उपलब्ध गराए पश्चायत देहाय बमोजिम कानून बिपरितको थप सुविधा सम्बन्धितबाट अशुल हुनु पर्ने रु<br>पद / नाम / रकम:<br>गा पा अध्यक्ष / श्री बिश्वनाथ निरौला / २०००<br>गा प उपाध्यक्ष / श्री पुष्पकला भूजेल / २०००<br>प्र प्र अधिकृत / श्री हिरा कुमारी यादव / २००० | ६,००० |
| ४० | | | **बैठक भत्ताः**<br>अर्थ मन्त्रालय कार्य संचालन निर्देशिका, २०७५ को परिच्छेद ७ को ७.१.१ मा उल्लेखित बैठक भत्ताको मापदण्ड अनुसार स्पष्ट विषयवस्तु एवम् कार्ययोजना बेगर बैठक बस्न नपाइने, बैठक कार्यालय समय अघि वा पछि हुनुपर्ने, एउटै निकाय र अन्तर्गतका पदाधिकारी/कर्मचारी मात्र बस्ने बैठकमा भत्ता प्रदान नगर्ने र कानुन अनुसार गठन भएका समितिहरुको बैठकका लागि मात्र भत्ता | |

| पद | नाम | रकम |
|---|---|---|
| गा पा अध्यक्ष | श्री बिश्वनाथ निरौला | २००० |
| गा प उपाध्यक्ष | श्री पुष्पकला भूजेल | २००० |
| प्र प्र अधिकृत | श्री हिरा कुमारी यादव | २००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | प्रदान गर्ने व्यव्था रहेको छ । उल्लेखित व्यवस्था बेगर बिभिन्न ४० पदाधिकारी तथा कर्मचारीहरुलाई बैठक भत्ता रु.५६५२५० र पुजिगत शिर्षक को भौ न २८०।१२।३० बाट रु ४०१२५० रकम अनुगमन भत्ता उपलब्ध गराएको नियम सम्मत देखिएन । | |
| ४१ | | | **भवन निर्माण :**<br>पालिकाको प्रशासकीय भवन निर्माण गर्न यस बर्ष रु २ करोड १५लाख बजेट विनियोजन गरेकोमा खर्च भएको छैन । प्रशासकीय भवन निर्माण गर्न रुजत -जगदम्बा -भुवनेश्वरी एण्ड भैरव जे भी सँग २०७७।२।३ मा खरिद सम्झौता भएको छ । उक्त खरिद सम्झौता रु२६८४३३४६।२० को रहेको छ। सम्झौता अनुसार कार्य सम्पन्न गर्नुपर्नेमा गुणस्तरीय काम नगरेको कारणले पालिकाले ठेक्का तोडेको देखियो। २०७८ चैत्र २१ गतेको कार्यपालिकाको निर्णयानुसार प्रशासकीय भवन निर्माण सम्बन्धी ठेक्का बदर भएको र उच्च अदालत पाटनबाट अल्पकालीन आदेश खारेज गरी परमादेश भएको हुँदा प्राविधिक मूल्यांकन गरी निर्माण सम्बन्धी प्रक्रिया अगाडी बढाउने निर्णय भएकोमा हालसम्म कुनै प्रगति भएको देखिएन। | |
| ४२ | | | **निजी जग्गामा कभर्ड हल निर्माण :**<br>राष्ट्रिय बाणिज्य बैंकमा रोक्का रहेको वडा नं. ४ का जग्गाधनी फुलकमल राईको कित्ता नं ६९९ को जग्गाबाट २० मिटर लम्बाई र १५ मिटर चौडा कित्ता काट गराई ३५ दिन भित्र लुम्बु विकास कोष वा वडा कार्यालय माक्पाको नाममा जग्गा पास गरिदिने २०७८।७।८ गतेको कबुलियतनामा पेश गरी रु. ९२९७८५।५२ को कभर्ड हल निर्माणको उपभोक्ता समिति सँग सम्झौता भएको छ।सम्झौताबमोजिम उपभोक्ता समितिले रु. ९४२८८४ को कभर्ड हल निर्माण सम्पन्न गरी भौ नं. १९।०७८।७।१५ बाट रु.८३५२०० भुक्तानी लिएको देखियो। उक्त जग्गामा कबुलियतनामा बमोजिम बडा कार्यालयको नाममा हक हस्तान्तरण नभएको रु. | ८३५,२०० |
| ४३ | | | **पुल निर्माण :**<br>प्रदेश सरकारबाट लिदिङखोला पक्की पुल निर्माण गर्न रु. ५० लाख विनियोजन गरेकोमा यस बर्ष खर्च भएको देखीएन ।उक्त पुल २०७९।५।२४ मा सम्पन्न गर्ने गरी २०७७।११।२८ मा पालिकाले पुष्पाञ्जली जे.भी. सँग मूल्य अभिवृद्धि कर सहित रु.३२०१८९११।४७ को खरिद सम्झौता गरेको छ। निर्माण व्यवसायीले पेश गरेको कार्यतालिका बमोजिम १३ महिनामा foundation कार्य र सब स्ट्रक्चर, सुपर स्ट्रक्चर, एप्रोच रोड ,रिभर ट्रेनिङमा कार्य १५ महिनामा सम्पन्न गर्ने उल्लेख भएकोमा तालिका बमोजिम कार्य भएको छैन।पक्की पुल निर्माणमा प्रयोग हुने कन्क्रीट क्युब कास्टीङ गरी गुणस्तर परीक्षण गर्न गुणस्तर अनुसंधान तथा विकास केन्द्रमा २०७८।८।१ मा पठाएकोमा मापदण्ड अनुसारको strength नभएको र consistency नदेखिएकोमा | २,८७५,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | पुनः Reconfirmation गर्न पठाइएको देखियो। निर्माण व्यवसायीले सेप्टेम्बर ९,२०२२ सम्म मान्य अवधि भएको कृषि विकास बैंक रत्नपार्कको रु. २८ लाख ७५ हजार performance security राखी २०७९।४।८ मा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० (क) (१) (२) बमोजिम २०७९।७।३० सम्म म्याद थपको माग गरेकोमा म्याद पनि थप नगरी कार्य स्थगित भएको छ ।पालिकाले खरिद सम्झौता बमोजिमको गुणस्तर नभएकोमा सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९ र नियमावलि २०६४ को नियम १२८ बमोजिम सम्झौताको अन्तय गरी निर्माण व्यवसायीको खर्चमा त्यस्तो कार्य सम्पन्न गराउने र जमानत जफत गर्ने लगायतका कार्य नगरेको रु. | |
| ४४ | | | **बिल बिजक :**<br>६।०७९।३।२५ सार्वजनिक खरिद ऐन २०६३ मा बिल बिजकको भूक्तानी खरिद सम्झौताको अधिनमा रहि तोकिए बमोजिम गर्नु पर्ने व्यवस्था छ ।एसेलुखर्क माक्पा रावा खोला सडक स्तरोन्नति गर्न पालिकाले ०७८।९।२२ मा संजिव निर्माण सेवा सँग सम्झौता गरेकोमा ०७९।२।२२ निर्माण सम्पन्न भै रु ४३३१८६०।०२ भुक्तानी गरेको छ। १०५०० मिटर लम्बाई भएको उक्त सडकमा ग्राभेल ह्यूम पाईप ग्याबिन जाली भर्ने नाला बनाउने र कटिंग को कार्य समावेश भएको छ।उक्त कार्यको लागत अनुमान र खरिद सम्झौतानुसार तोकिएका प्राविधिक मूल्यांकन र नापजाँच भएको नापी किताब पेश नभएकोले सो सम्बन्धित कागजात पेश गर्नुपर्ने अन्यथा जिम्मेवार बाट असुल हुनु पर्ने रु | ४,३३१,८६०.०२ |
| ४५ | | | **कार्य सम्पन्न प्रतिवेदन :**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु व्यवस्था छ । यस स्थानीय तहले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था देखिएन । | |
| ४६ | | | **प्राविधिक मूल्याङ्कन :**<br>निर्माण सामग्रीको उपयोग सुनिश्चत हुनुपर्दछ ।यस वर्ष पालिकाले भौ. नं. २२२। ०७८।१२।७ बाट ग्याबियन बक्स ह्युम पाईप र एच. डी. पी. ई. पाइप बोलपत्र माग गरी रु.३४८८७२७।९३ आपूर्तिकर्ता भावना सप्लायर्सलाई भुक्तानी गरेको छ। यसरी खरिद | ३,४८८,७२७.९३ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | गरिएको निर्माण सामग्रीको निकासा स्वीकृत माग फारमको आधारमा खर्च लेख्ने गरेतापनि सो को उपयोगलाई सुनिश्चित गर्ने प्राविधिक मूल्यांकन र नापी किताब नरहेकोले खर्च सुनिश्चित हुन सकेन। प्राविधिक मूल्यांकन सहितको बिल भरपाई पेश गर्नु पर्ने रु. | |
| ४७ | | | **असुल गर्नुपर्ने :**<br>७।०७८।१२।१६ सार्वजनिक खरिद ऐन २०६३ मा बिल बिजकको भूक्तानी खरिद सम्झौताको अधिनमा रहि तोकिए बमोजिम गर्नु पर्ने व्यवस्था छ । साना सिँचाई कार्यक्रम अन्तर्गत स्वीस सरकार, नेपाल सरकार, प्रदेश र पालिकाको संयुक्त लागत साझेदारीमा संचालित टुनिखोला मोदी सिँचाई जल उपभोक्ता संस्थालाई सिँचाई योजनाको यस वर्ष अन्तिम बिल भुक्तानी गर्दा अघिल्लो किस्तामा पेश्की वापत उपलब्ध गराएको रु २३५००० कट्टा नगरी रकम भुक्तानी गरेकोले सो रकम असुल हुनु पर्ने रु | २३५,००० |
| ४८ | | | **RCC भवन निर्माण :**<br>अनुपातिक कट्टीः सार्वजनिक खरिद कानून अनुसार कार्यालयले लाभग्राही समूहसंग गरेको सम्झौताको अनुपातमा उक्त समूहबाट कार्य सम्पन्न परिमाणमा लागत सहभागिता रहेको हुनुपर्दछ ।रोटरी क्लब अफ हिमालयको रु. १५ लाख र पालिकाको रु.१०लाख लागत साझेदारीमा रु.२५००५९८।६४ लागत अनुमान भएको श्री त्रिभुवन मा. वि. को RCC भवन निर्माण कार्य उपभोक्ता समिति सँग सम्झौता गरी २०७९।१।३० मा रु. २५०४९१०।० मा निर्माण भएको छ। गाउँपालिकाको निर्णय अनुसार ट्रस र RCC भवन निर्माणमा १० प्रतिशत श्रमदान जुटाउने उल्लेख भएकोमा तोकिएको जनश्रमदान नभएको रु. | २४५,१५० |
| ४९ | | | **सूचना प्रकाशन :**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बील, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्दछ ।एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम अन्तर्गत १५ बेड अस्पतालको DPR निर्माण सम्बन्धी सुचना प्रकाशन गरेवापत भौ. नं. ३ बाट क्रियटिभ मिडिया प्रिन्ट प्रा लि लाई २०७७।१०।२२ मा कर बिजक रु ९१५३०।० को भुक्तानी गरेकोमा सोही कर बिजक समावेश गरी भौ नं १ बाट समेत रु ८१,०००।० भुक्तानी गरेकोले उक्त रकमको कर बिजक पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु | ८१,००० |
| ५० | | | **सहकारी भवन निर्माण :** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | नाफामुलक सँस्थालाई अनुदान दिने व्यवस्था छैन ।वडा नं. ६ को चइन्टार सहकारी भवनको लागत अनुमान रु. १०२५०११।० रहेकोमा गाउँपालिकाले उपभोक्ता सँग रु. ९ लाख अनुदान दिने सम्झौता गरी रु. ८ लाख ६४ हजार अनुदान दिएको छ।यस्तो कार्यलाई नियन्त्रण गर्नुपर्दछ । | |
| ५१ | | | **सार्वजनिक परीक्षण :**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवफदेहिता र पारर्दशिताको प्रबर्द्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ । | |
| ५२ | | | **विपद् व्यवस्थापन :**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेख्नु अघि त्यस्तो खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । १७।०७८।१०।७ बाट गुञ्जन एण्ड फिलिम्स प्रा. लि. ले लघु चलचित्र निर्माण प्रयोजनको लागि रु. ४८९२९।०० जिल्ला प्रहरी कार्यालयको पत्रानुसार उक्त फर्मलाई भूक्तानी दिएको देखिन्छ । प्रयाप्त प्रमाण वेगर भएको खर्च नियम सम्मत मान्न नसकिएको रु. | ४८,९२९ |
| ५३ | | | **सोझै खरिद :**<br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा—टुक्रा पारी खरिद गर्नु हुँदैन भन्ने व्यवस्था रहेको छ भने सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४(१) मा रु. २० लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान वा अन्य सेवा सिलबन्दी दरभाउपत्र आव्हान गरी खरिद गर्न सकिने, नियम ८५(१) मा रु. ५ लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान सोझै खरिद गर्न सकिने व्यवस्था रहेको र नियम ८५ (१ख) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सीमाभन्दा बढी रकमको वा एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट एकपटकभन्दा बढी सोझै खरिद गर्न नपाउने व्यवस्था रहेको छ । कार्यालयले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ अनुसार लागत अनुमान नै तयार नगरी निम्नअनुसार रु.२१४६०३९ मूल्यका सामानहरु सोझै खरिद गरेकोले खरिद कार्य कानुन प्रतिकुल देखिएको छ । | २,१४६,०३९ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | <table><tr><td>भौ नं मिति</td><td>विवरण। आपूर्तिकर्ता</td><td>रकम</td></tr><tr><td>४९९।०७९।३।२६</td><td>मेशिनरी औजार (४ थान ल्यापटप)- गजानन होम सोलुसन प्रा लि</td><td>६६२७२२</td></tr><tr><td>५०१।०७९।३।२६</td><td>फर्निचर (सोफा टेबल कुर्सी)-</td><td>४०२७३४</td></tr><tr><td>१८१।०७९।३।२५</td><td>ल्यापटप खरिद १</td><td>१६६४८७</td></tr><tr><td>१८९।०७९।३।२५</td><td>ल्यापटप खरिद १</td><td>१५५८०२</td></tr><tr><td>१८४। ०७९।३।२५</td><td>सोलार बत्ति पोल इन्भटर कन्ट्रोलर आदि आचार्य फोटोकपी एण्ड कम्प्यटर</td><td>७५८२९४</td></tr><tr><td></td><td>जम्मा</td><td>२१४६०३९</td></tr></table> | |
| ५४ | | | **डोजर, लोडर र एक्साभेटर मर्मत ;**<br>पालिकामा रहेको डोजर, लोडर र एक्साभेटरको मर्मत तथा ईन्धनमा यो साल कार्यालयले खर्च गरेकोमा उक्त डोजर, लोडर र एक्साभेटर भाडामा लगाएबापत पालिकाले नगण्य आम्दानी गरेको छ भने पालिकाद्वारा संचालित योजनामा समेत यसको प्रयोग भएको पाईएन । कार्यालयले उपलब्ध मेशिनरीको अधिकतम प्रयोग गर्ने एवम् सरकारी रकम लगानीको उचित प्रतिफल प्राप्त हुने गरि प्रयोग गर्न जरुरी छ । | |
| ५५ | | | **डीपीआर खर्च :**<br>बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डी.पी.आर. लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>कार्य विवरण</th><th>स्वीकृत रकम</th><th>खर्च रकम</th><th>अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत</th></tr>
<tr><td>खेल मैदान निर्माण</td><td>१६९६९६०</td><td>१६९६९६०</td><td>२९३५२३०००</td></tr>
</table>
यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा गाऊँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा गाऊँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>५६</td><td></td><td></td><td>अनुगमन तथा भ्रमण :<br>भ्रमण खर्च नियमावली,२०६४ अनुसार कार्यलयले दैनिक भ्रमण खर्च दिनुपूर्व भ्रमण गर्ने उदेश्य स्पष्ट हुनुपर्दछ ।भ्रमण गर्नुपर्ने अवस्था भएपछि स्वीकृत भ्रमण आदेश अनुरुप भ्रमण गर्ने पदाधिकारीले भ्रमण गरि कार्यालयमा फर्केको ३५ दिन भित्र भ्रमण को उपलव्धी सहितको प्रतिवेदन पेश गर्नुपर्दछ । भ्रमण खर्च गरेको खर्च सम्वन्धी केही फाँटवारी परीक्षण गर्दा भ्रमण गर्ने पदाधिकारीले भ्रमण प्रतिवेदन पेश नगरेकोले भ्रमणको उपलव्धी मापन गर्न सकिने आधार देखिएन ।भ्रमण खर्चलाइ आवश्यकताको आधारमा भन्दा सुविधाको आधारमा खर्च लेख्ने परम्पराले सरकारी खर्चको मितव्ययीतामा जोखिम देखियो । यस्तो खर्चगर्ने परीपाटीमा नियन्त्रण गरी अत्यावश्यक कार्यमा मात्र भ्रमण खर्च भुक्तानी गर्नु पर्दछ ।अनुगमन तथा भ्रमण खर्च सम्बन्धमा देखिएका थप व्यहोराहरु निम्न छन।<br>• अधिकांश भ्रमणको उद्देश्यमा कार्यालय सम्बन्धी काम भनि उल्लेख गरेको छ । तर त्यस्तो काम गरेको प्रमाणित हुने कागजात भ्रमण बिलमा संलग्न गरेको छैन ।<br>• नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन सकेन ।<br>• भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको छ ।<br>• स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष तथा सचिव सहित, प्रमुख प्रशासकिय अधिकृत र पालिका अध्यक्ष सम्मका पदाधिकारी तथा कर्मचारीहरुको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी लिने गरेको छ । अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो ।त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>५७</td><td></td><td></td><td>वार्षिक प्रतिवेदन :</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| ५८ | | | **कार्य योजना :**<br>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरु.प हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने गराउने सम्बन्धी व्यवस्था छ । विपद व्यवस्थापनमा रु.२२१६८५७।० खर्च भएको छ ।पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नुपर्दछ । | |
| ५९ | | | **उपभोक्ता समितिको श्रेस्ता अनुगमन**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ बमोजिम उपभोक्ता समितिवाट सञ्चालित कार्यक्रमको लेखा दुरुस्त राख्ने दायित्व सम्बन्धित उपभोक्ता समितिका प्रमुख, कोषाध्यक्ष र सदस्य सचिवको हुने, लेखा दुरुस्त नराखेको पाइएमा प्रचलित कानूनबमोजिम कारबाही हुने एवं भए गरेको कामलाई नगरेको तथा नगरेको कामलाई गरेको सिफारिस गर्ने, नापजाँच प्राविधिक सुपरीवेक्षण गर्ने र अन्तिम मूल्याङ्कन गर्ने कर्मचारीलाई प्रचलित कानूनबमोजिम कारबाही हुने व्यवस्था छ।उपभोक्ता समितिले राखेको लेखाको सम्बन्धमा अनुगमन गरेको देखिएन।उपभोक्ता समितिमार्फत् भुक्तानी गर्दा आयकर ऐन, २०५८ बमोजिम श्रोतमा अग्रिम आयकर कट्टी गर्नुपर्ने, स्थायी लेखा नम्बर र मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र भएकासँग खरिद गर्नुपर्ने व्यवस्थाको पालना भएको छैन।उपभोक्ता समितिबाट खरिद गरिएका विभिन्न जिन्सी, निर्माण सामग्री र हेभी मेशिनको भुक्तानीमा अग्रिम आयकर कट्टी गरेकोसमेत देखिएन। उपभोक्ता समितिले लेखा नराख्ने, पालिकाबाट अनुगमन नहुने अवस्थामा आयकर ऐन, २०५८ अनुसार लाग्ने आयकर तथा भुक्तानीमा असुली गरिने कर रकम निर्माण व्यवसायी तथा आपूर्तिकर्ताबाट छली हुन सक्ने भएकोले अनुगमन गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६० | | | **अभिलेख**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७,९१,१० मा उपभोक्ता समितिले निर्माण कार्य सम्पन्न गरिसकेपछि सम्बन्धित सार्वजनिक निकायले खटाएको प्राविधिक कर्मचारीबाट त्यस्तो कामको जाँचपास गराई त्यस्तो निकायबाट प्राप्त रकम र जनसहभागिताबाट व्यहोरिएको श्रम, नगद र जिन्सीसमेत कुल खर्चको विवरण सो निकायमा पेश गर्नुपर्ने र सम्बन्धित सार्वजनिक निकायले त्यसरी प्राप्त भएको विवरण तथा उक्त निर्माण कार्यको सर्भे, डिजाइन, लागत अनुमान, सुपरिवेक्षण र कार्य सम्पादन गर्ने व्यक्ति तथा पदाधिकारीको नाम र पदसमेत खुल्ने गरी कार्य सम्पन्न प्रतिवेदन तयार गरी अभिलेख राख्नु पर्ने उल्लेख छ । उपरोक्त अनुसारको प्रावधान पूरा गर्दा निर्माण पश्चात कुनै त्रुटि देखिएमा सम्बन्धित व्यक्तिलाई जिम्मेवारी बनाउन सकिन्छ । तसर्थ उपभोक्ता समितिबाट भएका कार्यको नियमले तोकेको प्रकृया पूरा गरी अभिलेख राख्नु पर्दछ । | |
| ६१ | | | **हेभी इक्विपमेण्टको प्रयोग**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । | |
| ६२ | १३४ | २०७८-१२-१८ | **सामाजिक लेखापरीक्षण**<br>कार्यसञ्चालन निर्देशिका २०७८ को क्रियाकलाप नं. २.७.१३.१० को ५.१ विद्यालय संचालन तथा व्यवस्थापन अनुदान अन्तर्गत सामाजिक लेखापरीक्षण तथा आर्थिक लेखापरीक्षणको लागि आधारभुत तथा माध्यमिक तहलाई प्रति विद्यालय क्रमशः रु.१०,०००।- र रु.१५,०००।— का दरले वार्षिक रुपमा एकमुष्ठ अनुदान उपलब्ध गराउने व्यवस्था छ ।यस वर्ष पालिकाले ४३ आधारभुत तथा माध्यमिक तहलाई सामाजिक लेखापरीक्षणको लागि रु.४७०००० निकासा दिएकोमा सामाजिक लेखापरीक्षण गराई पेश गरेको देखिएन । लेखापरीक्षण गर्नको लागि अनुदान दिएकोमा सो गरेको नदेखिएकोले सामाजिक लेखापरीक्षण गरी प्रतिवेदन पेश गर्नुपर्दछ । | ४७०,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६३ | | | **दिवा खाजा तर्फः** | |
| ६३.१ | | | कार्यसञ्चालन निर्देशिका २०७८ को क्रियाकलाप नं २.७.११.१ मा प्रारम्भिक बाल विकास कक्षा देखि कक्षा ५ सम्म अध्ययनरत स्थानीय तहले प्रति विद्यार्थी दैनिक रु.१५ का दरले बढी मा १८० दिनका लागि विद्यालय संचालन भएको दिनलाई मात्र आधार मानेर अनुदान दिने र तेस्रो त्रैमासिकमा निकासा गर्दा पहिलो र दोस्रो त्रैमासिकमा निकासा गरिएको रकम सदुपयोग भएको सुनिश्चित गर्नुपर्ने व्यवस्था छ। पालिकाले पौष २७ देखि फागुन १ सम्म कोभिड माहामारीको कारण विद्यालय संचालन बन्द गर्ने निर्णय गरेको देखिएकोमा पालिका अन्तर्गतका प्रत्येक विद्यालयको संचालन दिन फरक रहेको देखिएको छ। पालिकाले भौचर नं १७५ मिति २०७९।३।१० बाट रु. ३६०७९८० र भौचर नं उल्लेख नभएको म्यानुअल भौचर मिति ०७९।३।२५ बाट जम्मा रु.८३६५०५ गरी जम्मा रु. ४४४४८५ दिवा खाजा वापत विभिन्न ४३ विद्यालयलाई भुक्तानी गरेकोमा योजना अनुसार नमुना छनौट गरी परीक्षण गर्दा प्रारम्भिक वाल विकास देखि कक्षा ५ सम्मको IEMIS रिपोर्ट अनुसारका जम्मा विद्यार्थीको संख्या भन्दा बढीलाई निकासा भएको देखियो । अतः बढी निकासा असुल गर्नुपर्दछ। | |
| ६३.२ | | | श्री त्रिभुवन मा वि ऐसेलुखर्कको IEMIS रिपोर्ट को आधारमा विद्यार्थि संख्या १६९ जना देखिएकोमा विद्यालयले पहिलो निकासा २३१विद्यार्थीलाई १३२ दिनको रु४५७५३०।० र दोस्रो निकासामा२४९ विद्यार्थीलाई २९ दिनको रु११२२५।० गरी जम्मा १६१ दिनको रु५६८७५५।० निकासा भएको देखियो। अतः वर्षमा १६१ दिन विद्यालय संचालन भएको छानबिन गरी प्रथम निकासामा IEMISरिपोर्ट विद्यार्थी संख्या भन्दा बढी ६२ विद्यार्थीको १३२ दिनको रु१५ को दरले १२२७६०।० र दोस्रो निकासाबाट ८० जना बढी विद्यार्थीको २९ दिनको रु ३४८००।० गरी असुल गर्नुपर्ने जम्मा रु | १५७,५६० |
| ६३.३ | | | देहायको विद्यालयमा १८० दिन भन्दा बढी दिनको दिवा खाजा भुक्तानी भएकोले बढी निकासा असुल गर्नुपर्ने रु | २०,२६० |

<table>
<tr><td rowspan="3">विद्यालयकोनाम</td><td colspan="3">पहिला निकासा</td><td colspan="3">दोस्रो निकासा</td><td colspan="3">बढी निकासा</td></tr>
<tr><td rowspan="2">बिद्यार्थी</td><td rowspan="2">हाजिरी दिन</td><td rowspan="2">रकम</td><td rowspan="2">बिद्यार्थी</td><td rowspan="2">हाजिरी दिन</td><td rowspan="2">रकम</td><td rowspan="2">iemis वि सं</td><td></td><td rowspan="2">बढी निकासा</td></tr>
<tr><td>बढी हाजिरी दिन</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>श्री शान्तोदय मा वि</td><td>३०</td><td>१८१</td><td>८११८०</td><td>२५</td><td>३६</td><td>१३५००</td><td>३०</td><td>३७</td><td>१६६६०</td></tr>
<tr><td>श्री सूर्यज्योति प्रा वि</td><td>५१</td><td>१६३</td><td>१२४४८५</td><td>४५</td><td>२२</td><td>१५०४५</td><td>४८</td><td>५</td><td>३६००</td></tr>
<tr><td colspan="9">जम्मा</td><td>२०२६०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६३.४</td><td></td><td></td><td>कार्यसञ्चालन निर्देशिका २०७८ को अनुसूची ४ मा दिवा खाजाको लागि विद्यार्थीलाई नगद रकम उपलब्ध नगराउने व्यवस्था छ।पुस्तिकाको उपरोक्त अनुसूचीको सि नं २ मा खाजा तयारी व्यवस्थापन तथा रेखदेखमा अभिभावक आमाहरुको संलग्नता र सहभागिता सुनिश्चित गर्ने उल्लेख भएकोमा स्थानीयलाई सोधपुछ गर्दा नगद रकम विद्यार्थीलाई नै बाँडेकोले अभिभावक संलग्नता न्यून भएको देखियो। अतः दिवा खाजा पुस्तिका मा तोकिए बमोजिम हुनुपर्दछ। विद्यालयले उपलब्ध गराएको तथा माग गरेको तथ्यांक अनुसार नै खाजा वितरण भए नभएको सम्बन्धमा अनुगमन हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>६४</td><td>१५३</td><td>२०७९ -१-२६</td><td>पाढ्यपुस्तक अनुदानः<br>कार्यसञ्चालन निर्देशिका २०७८ को क्रियाकलाप नं.२.४.६.१. मा सार्वजनिक बिद्यालयका बिद्यार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान सम्बन्धि व्यवस्था छ । जसअनुसार पालिकाले ईमिसमा प्रबिष्ट तथ्यांकलाइ सम्बन्धित विद्यालयबाट कक्षागत बिद्यार्थीहरुको यथार्थ तथ्यांकसँग सत्यापन गर्ने तथा सत्यापित बिबरण शिक्षा अधिकृतबाट प्रमाणीत विवरणबाट कक्षागत तथा बिषयगत पाठ्यपुस्तकको संख्या यकिन गरी पाठ्यपुस्तक अनुदान दिनु पर्ने व्यबस्था रहेको छ । गाउँपालिकाले यो वर्ष पालिका भित्रका ४३ विद्यालयमा पाठ्यपुस्तक अनुदान वापत भौ नं १५३।०७९।१।२६ बाट ७५ प्रतिशतले हुने रकम रु.१८५४४७० निकासा दिएको छ । भौचर नं उल्लेख नभएको मिति २०७९।३।२५ को म्यानुअल भौचरबाट रु. ३६९१४९ गरी जम्मा रु. २२२३६१९ निकासा गरेको छ।सत्यापन बेगर विद्यालयले ईमिसमा प्रविष्टी गरेको तथ्यांकका आधारमा निकासा दिएकोले पाठ्यस्पुस्तक वितरण भए नभएको पालिकाबाट अनुगमन हुनुपर्दछ।</td><td></td></tr>
<tr><td>६५</td><td></td><td></td><td>राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमः<br>शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको च- नं- २२५,मिति २०७९।३।१७ को पत्रानुसार राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गतको दुई कोठे,चारकोठे भवन निर्माण तथा पढ्दै कमाउँदै कार्यक्रमको लागि सम्बन्धित विद्यायलयलाई नै जिम्मेवार र जवाफदेही बनाउने</td><td>१३,४००,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>गरी स्वीकृत कार्यक्रमको लागि विनियोजित भएको बजेट सम्बन्धित विद्यालयलाई यथाशीघ्र निकासा दिई निर्माण कार्य सम्पन्न नभई बाँकी रहेको रकम रोक्का राखी कार्य प्रगतिको आधारमा रकम फुकुवा गर्ने गरी सम्पन्न हुन बाँकी काम यथाशीघ्र सम्पन्न गर्नुपर्ने व्यवस्था छ। उक्त कार्यक्रमअनुसार उपलब्ध गराईएको रकम निर्माण कार्यक्रम सम्पन्न गरी फर्छ्यौट हुनु पर्दछ ।
<table>
<tr><th>भौ नं र मिति</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>१६३।०७९।३।२३</td><td>राष्ट्रपति शैक्षिक कार्यक्रम अन्तर्गत श्री त्रिभुवन मा वि लाई ४ कोठे भवन निर्माण गर्न रकम उपलब्ध गराएको</td><td>३६०००००</td></tr>
<tr><td>१६३।०७९।३।२३</td><td>राष्ट्रपति शैक्षिक कार्यक्रम अन्तर्गत श्री माक्पा मा वि लाई ४ कोठे भवन निर्माण गर्न रकम उपलब्ध गराएको</td><td>३६०००००</td></tr>
<tr><td>१५८।०७९।३।२२</td><td>२ कोठे कक्षा निर्माण गर्न २०७९।१२।३०मा सम्पन्न गर्ने गरी श्री सिम्ले मावि लाई रकम दिएको</td><td>१८०००००</td></tr>
<tr><td>१५८।०७९।३।२२</td><td>२ कोठे कक्षा निर्माण गर्न २०७९।१२।३०मा सम्पन्न गर्ने गरी श्री सिसुक्र मावि लाई रकम दिएको</td><td>१८०००००</td></tr>
<tr><td>१२८।०७९।३।१०</td><td>वडा नं ३ मा सञ्चालित श्री त्रिभुवन मा वि लाई बाली विज्ञान कार्यक्रम संचालनको लागि ल्याब स्थापना गर्न सामग्री खरिद गर्न ०७९।३।३ मा सम्झौता भई रकम दिएको</td><td>२६०००००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१३४०००००</td></tr>
</table></td><td></td></tr>
<tr><td>६६</td><td></td><td></td><td>शिक्षक तलब भत्ताः<br>शिक्षा नियमावली २०५९ को नियम १६ मा शिक्षकको नियुक्ति, बढुवा, सरुवा, विदा, अवकाश लगायतको अभिलेख व्यवस्थित गरी राख्नुपर्ने व्यवस्था छ । कार्यसञ्चालन निर्देशिका २०७८ मा विद्यालयको निकासा माग गर्दा आफ्नो विद्यालयको हाजिरी रिपोर्ट पेश गर्नुपर्ने र शिक्षक किताबखानाबाट तलबि प्रतिवेदन पारित गराएर खर्च लेख्नुपर्ने उल्लेख छ ।पालिकाले यस बर्ष सँधिय शसर्त</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | शिर्षकबाट रु ९,५६,९८,४४४।४० तलब भत्ता र पालिका समानिकरणबाट समेत शिक्षक नियुक्ति गरी तलब भत्तामा रकम निकासा गरेको छ ।शिक्षकको नियुक्ति, बढुवा, सरुवा, विदा र अवकाश लगायतको अभिलेख, हाजिरी रिपोर्ट, पारित तलबि प्रतिवेदन र विद्यालयगत निकासा खाता पेश नभएकाले शिक्षक तलव भत्तामा निकासा भएको खर्चको यथार्थतता बिश्लेषण गर्न सकिएन । | |
| ६७ | | २०७९-५-२८ | **शिक्षक दरवन्दी र पदपूर्ति**<br>स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरु.मा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । पालिकाले उपलब्ध गराएको बिबरण अनुसार बिभिन्न ४३ विद्यालयमा १९६ शिक्षककको स्विकृत भएकोमा ८८ स्थायी ५८ अस्थायी ४७ राहत गरी १९३ पदपूर्ति भई ३ जना रिक्त रहेको र जम्मा ३४४२ बिद्यार्थी रहेका छन । विद्यार्थीको संख्या ३४४२ रहेकोले शिक्षक विद्यार्थीको अनुपात १।१८ देखिन्छ । दरबन्दी बमोजिम शिक्षक पदपूर्ति गर्नुपर्दछ । | |
| ६८ | | | **स्थानिय भत्ता बढी भुक्तानी :**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेख्नु अघि त्यस्तो खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । मे.अ.डा.सृजना राई मिति २०७८।८।२४ को जिल्ला अस्पताल धनकुटाको रमाना पत्र बमोजिम २०७८।९।१ गतेवाट यस पालिकामा हाजिर भएकोमा निजको स्थानिय भत्ता मंसिर महिनाको पनि भुक्तानी भएकोले उक्त महिनाको स्थानिय भत्ता सम्वन्धितबाट असुल गर्नुपर्ने रु. | ५,२५० |
| ६९ | | | **खर्चको आधार पेश नभएको:**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेख्नु अघि त्यस्तो खर्च गर्न वार भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ ।देहायका शिर्षकमा रु. २५४३४५३।८४ लेखेकोमा सो को आधार पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.<br>भौ न र मिति — विवरण — रकम<br>१३६।१२।१८ — छुट ग्रेड — ५७१७३७ | २,५४३,४५३.८४ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१२४।१२।१६</td><td>सट्टा विदा</td><td>२००८४३</td></tr>
<tr><td>६५।९।२५</td><td>सट्टा विदा</td><td>२०१९८५</td></tr>
<tr><td>१८५।१०।६</td><td>गत बर्षको छुट निवृत्तिभरण</td><td>८६६२४४।८४</td></tr>
<tr><td>५७।६।१९</td><td>फिल्ड भत्ता</td><td>१५९३६९</td></tr>
<tr><td>१९४।१०।६</td><td>फिल्ड भत्ता</td><td>२०५०९१</td></tr>
<tr><td>२८७।११।१८</td><td>फिल्ड भत्ता</td><td>११७६२०</td></tr>
<tr><td>४२२।३।१०</td><td>फिल्ड भत्ता</td><td>२२०५६४</td></tr>
<tr><td></td><td>जम्मा</td><td>२५४३४५३।८४</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७०</td><td></td><td></td><td>औषधि खरिद :<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । पालिकाले रु ११,४७,०९१।०० को औषधि सोझै पटक पटक खरिद गरेको छ ।औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>७१</td><td></td><td></td><td>सामाजिक सुरक्षा तर्फ :<br>सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा ऐन-२०७५,सामाजिक सुरक्षा नियमावली२०७६,विद्युतिय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता भुक्तानी रणनीति-२०७४, सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि-२०७७ को प्रावधान बमोजिम</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | गर्नु पर्ने व्यवस्था छ ।यस बर्ष पालिकाले रु.६,२५,९४,२८५।००सामाजिक सुरक्षा भत्ता वितरण गरेकोमा देखिएका व्यहोराहरु देहायबमोजिम छन् : | |
| ७१.१ | | | सामाजिक सुरक्षा कार्यविधि, २०७७ को दफा २६(३) मा एक आर्थिक वर्षमा एक पटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक वैकबाट अनुसुचि ११ बमोजिमको ढाँचामा प्राप्त गरी त्यस्ता लाभग्राहीको सम्वन्धमा स्थानिय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाइएमा सम्वन्धित बैकबाट लगत कट्टा हुने मिति सम्मको रकम सम्वन्धितको हकवालालाई भुक्तानी गरि सो भन्दा पछिको रकम फिर्ता गरी संघिय संचित कोष दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष रु ६,२५,९४,२८५।०० निकासा गरेकोमा बैकले निकासा वरावरको रकम सम्वन्धितको खातामा जम्मा गरेको छ । पालिकाले त्यस्ता लाभग्राहीको विवरण मागगरी आवश्यक छानविन गर्नुपर्दछ । | |
| ७१.२ | | | सार्वजनिक सुनुवाई : सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३४ बमोजिम वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एक पटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने उल्लेख भएतापनि सार्वजनिक सुनुवाई गरी जनगुनासो सम्बोधन गरेको छैन । कार्यविधिले तोकेको समयमा सार्वजनिक सुनुवाई गर्नु पर्दछ । | |
